बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०२/०८२/८३
चलानी नम्बर :- ५९

मिति : २०८२/०४/०८

विषयः आर्थिक वर्ष २०८२/८३ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन।

प्रिय सहकारीज्यू,

प्रदेश विनियोजन ऐन, २०८२ प्रदेश सभाबाट पारित भई मिति २०८२/०३/३० गते माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको व्यहोरा तहाँ विदितै छ। सोही अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि त्यस मन्त्रालय/निकाय अन्तर्गत विनियोजित रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी यहाँबाट पूरा हुनेछ भन्ने विश्वास लिएको छु। प्रदेश सरकारको सीमित स्रोतको परिचालन गर्दा अधिकतम प्रतिफल हुने गरी मितव्ययिता, प्रभावकारीता र दक्षता कायम हुनेछ भन्ने समेत विश्वास लिएको छु। प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै वित्तीय अनुशासन कायम गर्न प्रदेश विनियोजन ऐन, २०८२, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, ऐ. नियमावली, २०७७ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावली, २०७६ को पालना गर्नु हुनेछ भन्ने विश्वासका साथ प्रदेश विनियोजन ऐन, २०८२ को दफा ९ को उपदफा (३) बमोजिम यो मार्गदर्शन जारी गरेको छु।

## (क) अख्तियारी, कार्यक्रम स्वीकृति, बाँडफाँट र निकासा

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली, P-LMBIS (Provincial Line Ministry Budget Information System) मा समावेश भएका कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरू मार्फत बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा हुनेछ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकारीले स्वयम् त्रैमासिक विभाजन संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गर्नु पर्नेछ। यस बमोजिम भएको संशोधनको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

पत्र सङ्ख्या :- ०२/०८२/८३
चलानी नम्बर :-

मिति : २०८२/०४/०८

३. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्नेगरी रकम विनियोजन भएकोमा रकम विनियोजन भएको निकायको प्रमुखले खर्च गर्ने निकायहरूलाई प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (३) बमोजिम २०८२ असोज मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु हुनेछ।

४. यस मन्त्रालयबाट बजेट कार्यान्वयन मार्गदर्शन जारी भएपश्चात्,२०८२ श्रावण १४ गते भित्र तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालयबाट सम्बन्धित कार्यालयमा अख्तियारी तथा बजेट कार्यान्वयन मार्गदर्शन पठाई सक्नु पर्नेछ।

५. प्रशासनिक खर्च बाहेक P-LMBIS (Provincial Line Ministry Budget Information System) मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रूपमा विनियोजित बजेटको क्रियाकलापगत विवरण खुलाई त्रैमासिक विभाजन सहितको कार्यक्रम तयार गरी प्रदेश विनियोजन ऐन,२०८२ को दफा ४ को उपदफा (३) बमोजिम २०८२ असोज मसान्तभित्र P-LMBIS मा प्रविष्टि गरी यस मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नु हुनेछ।

६. प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/कार्यालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति,विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/सचिवालय/आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउनु पर्नेछ।

७. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु) र ३१५११ (भैपरी आउने-पुँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। फागुन मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरुको विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट सम्वत् २०८२ चैत्र १५ गतेभित्र अनिवार्य रूपमा अभ्यार्पण गर्नु पर्नेछ।

८. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ। **स्रोतको सुनिश्चितता नभई सुरु गरिएका कुनै पनि खरिद प्रक्रियाबाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा गरिने छैन।**

९. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्नु हुने छैन। सहमति विना सिर्जना भएको थप दायित्वको व्यवस्थापन (निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) यस मन्त्रालयबाट हुने छैन। यस्ता प्रकृतिका कार्य भएमा संघीय आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ को उपदफा ५ र ६ अनुसार हुने व्यहोरा जानकारी गर्नु/गराउनु हुनेछ।

१०. मन्त्रालय/निकायमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगर्ने तर नयाँ कार्यक्रमका लागि थप निकासा माग्ने कार्य गर्नु हुने छैन। चालु आर्थिक वर्षको बीचमा आएर कुनै पनि नयाँ कार्यक्रम थप र उद्देश्य फरक भएका योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन।

११. आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भई P-LMBIS मा दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट समर्पण गर्नु हुनेछ।

१२. प्राकृतिक प्रकोप, विपत्ति तथा संकट र विशेष अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

## (ख) योजना/हस्तान्तरण र कार्यान्वयन

१३. प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको इकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गराउनुपर्ने भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ। संघीय सरकारको इकाई मार्फत पुँजीगत योजना वा कार्यक्रम कार्यान्वयन गराउनु परेमा नेपाल सरकारको सम्वन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति समेत लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई नेपाल सरकारको विनियोजन ऐन, २०८२ को व्यवस्था अनुरूप समेत हुनेगरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१४. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा तहाँ मन्त्रालय अन्तर्गतका हस्तान्तरित सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनको लागि कठिनाई पर्न गएमा सो को निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१५. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड लगायतका आवश्यक कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१६. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरूको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको ढाँचामा **२०८२ साल श्रावण मसान्तभित्र अनिवार्य रुपमा स्वीकृत गरी** सोही अनुरूप कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक नयाँ ऐन तर्जुमा वा विद्यमान ऐनमा संशोधन गर्नुपर्ने भएमा मस्यौदा तयार गरी **कार्तिक १५ गतेभित्र** प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी सक्नुपर्नेछ। विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा **भाद्र मसान्त भित्र** अनिवार्य रुपमा सम्पन्न गर्नु हुनेछ।

१८. प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम नयाँ आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दी **२०८२ साल भाद्र मसान्त भित्र** स्वीकृत गराई सक्नुपर्नेछ।

१९. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरु पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाईन र लागत अनुमान तयार गरी **२०८२ असोज मसान्तभित्र ठेक्का व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सुरु गरिसक्नु पर्नेछ।**

२०. तोकिएको परिमाण, लागत, गुणस्तर र समय सीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरुप कार्य नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. **तहाँ मन्त्रालय/निकाय/कार्यालय अन्तर्गत निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरो रहेका आयोजनाहरुको लगत निकाली कार्यान्वयन सुरु भएको ६ वर्ष पुगेका आयोजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न नभएमा खारेज गरिने प्रक्रिया अगाडि बढाउनु हुनेछ।**

२२. बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले नौ महिना भित्र ठेक्का नभएमा त्यस्तो स्रोत सहमति स्वतः खारेज हुने भएकाले उल्लेखित अवधिमा ठेक्का सम्झौता हुने व्यवस्था गर्नु हुनेछ।

२३. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिम सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनुहुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ।

२४. नेपाल सरकारबाट सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण २०८२ श्रावण २५ गतेभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नु हुनेछ।

२५. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने योजना कार्यान्वयनका क्रममा द्विविधा पर्न गएमा यस मन्त्रालय, सम्बन्धित संघीय मन्त्रालय र अर्थ मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

२६. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी P-LMBIS मा प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा प्रदेश आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डको पूर्ण पालना गरी यस मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ।

२७. चालु खर्चतर्फ मितव्ययिता र पुँजीगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नु हुनेछ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत नै जिम्मेवार हुनु पर्नेछ।

२८. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ। सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु हुनेछ।

पत्र सङ्ख्या :- ०२/०८२/८३

मिति : २०८२/०४/०८

चलानी नम्बर :-

२९. आ.व. २०८२/८३ को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको २०८२ श्रावण मसान्तभित्र अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेवार बनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। आयोजनामा खटिने कर्मचारीहरूलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तरनिकाय समन्वय लगायतका विषयहरूमा सुरूमै अभिमुखीकरण प्रदान गर्नु हुनेछ। कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ।

३०. आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्नु हुनेछ। आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्दा आयोजनाको लक्ष्य र उपलब्धिलाई सूचकका आधारमा मापन गर्नु हुनेछ।

३१. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रदेशस्थित सरकारी कार्यालय तथा सरकारबाट अनुदान प्राप्त भवन निर्माण गर्दा स्वदेशी काठको अनिवार्य प्रयोग गर्नुपर्ने र सरकारी तथा सरकारबाट अनुदान प्राप्त सार्वजनिक कार्यालयहरुमा स्वदेशी काठबाट निर्मित फर्निचरहरुको प्रयोगलाई प्राथमिकता दिनु हुनेछ।

३२. स्वीकृत बजेटको सीमा र स्वीकृत दरवन्दीभित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। नयाँ सेवा करारमा लिँदा सम्भव भएसम्म व्यक्ति नभई फर्म, कम्पनीबाट सेवा करारमा लिनु पर्नेछ। सेवा करारमा कार्यरत व्यक्तिको तलब पारिश्रमिक खर्च शीर्षकबाट खर्च लेख्न पाइने छैन। करार सेवा शुल्कः खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्नेछ। सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाइने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन।

३३. विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३४. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको निर्धारित भौतिक प्रगतिको न्यूनतम ५० प्रतिशत हासिल हुनु पर्नेछ।

३५. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन र विशेष प्रकारको आयोजनाको हकमा रणनीतिक वातावरणीय मूल्याङ्कन (Strategic Environmental Assessment) का कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमाभित्र अनिवार्य सम्पन्न गर्नु हुनेछ।

३६. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु/गराउनु हुनेछ। बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नु हुनेछ। नयाँ आयोजनाहरुको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत सम्भार गर्ने गरी निर्माण व्यवसायीलाई पूर्ण जिम्मेवार बनाउने व्यवस्था मिलाउने तर्फ ध्यान दिनु हुनेछ।

३७. सडक ठेक्कामा दिंदा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको एकीकृत काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गराउनु हुनेछ।

३८. बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्बन्धमा प्रचलित कानूनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

३९. मन्त्रालयहरुबाट उपलब्ध गराइने विभिन्न अनुदानहरु प्रदेश सरकारबाट जारी गरिएको प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ अनुरूप प्रदान गर्नुपर्नेछ। अनुदान दुरुपयोग नहुने र तोकिएको उद्देश्य हासिल गर्ने गरी उपयोग हुने सुनिश्चित गर्नु हुनेछ।

४०. संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयन गर्न त्यसको प्रक्रिया सुरु गरी तोकिएको अवधिमा सम्पन्न हुने व्यवस्था मिलाउनुहुनेछ।

४१. आर्थिक सहायता लगायतका खर्च शीर्षकमा रकम विनियोजन भएको भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार गर्नु हुनेछ।

४२. आर्थिक वर्ष २०८२/८३ मा विनियोजन भई क्रमागत योजनाको रुपमा पहिचान भएका योजनाहरु तोकिएको समयमा नै सम्पन्न गर्नेगरी प्रक्रिया अगाडि बढाउनु हुनेछ।

४३. P-LMBIS मा तहाँ मन्त्रालय/निकाय अन्तर्गत जिल्लास्थित एक कार्यालयका योजनाहरु अर्को कार्यालयमा प्रविष्टि भएको भए समयमै (२०८२ साल कार्तिक मसान्तसम्म) जुन कार्यालयबाट कार्यान्वयन गराउनु पर्ने हो सो सम्बन्धी व्यवस्थाका लागि अनिवार्य रुपमा मन्त्रालय/निकायगत निर्णय सहित पेश गर्नु हुनेछ।

४४. विपद्को अवस्था, नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा बढी बजेट निकासा नदिइने भएकाले विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

४५. रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्दा **अनिवार्य रुपमा प्रदेश बजेट कार्य सञ्चालन निर्देशिका, २०७८ को परिच्छेद ४ को बुँदा नं. ४.३.६, अनुसुची ३ र ५ मा गरिएका व्यवस्था बमोजिम** गर्नु हुनेछ।

४६. पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

४७. प्रदेश गौरवका आयोजना र बहुवर्षीय ठेक्काका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट अन्यत्र रकमान्तर प्रस्ताव गर्नु हुने छैन।

४८. दोस्रो त्रैमासिक सुरु नभई रकमान्तर सम्बन्धी कार्य गरिने छैन। सुरु अख्तियारी दिइएको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा **घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा बजेट रोक्काको सुनिश्चितता गरेर** मात्र रकमान्तर माग गर्नु गराउनु हुनेछ।

४९. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा गर्न यस मन्त्रालय बाध्य हुने छैन।

५०. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रूख बिरूवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर गरिने छैन।

५१. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकहरूमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। यी खर्च शीर्षकहरुबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन।

सम्बन्धित निकायबाट तलबी प्रतिबेदन पारित गराएर मात्र तलब, भत्ता बापत रकम भुक्तानी गर्नु पर्नेछ।

५२. तलब भत्ता लागायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। सबै सार्वजनिक भुक्तानी सम्बन्धी कारोवार बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५३. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा खरिद वा अन्य सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ लगायत अन्य प्रचलित कानून अवलम्बन गर्नु हुनेछ।

५४. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। **यस अघि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८२ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।**

५५. प्रचलित कानूनी व्यवस्था अनुसार प्रतिवेदन प्रणालीलाई सामयिक र व्यवस्थित गर्नु हुनेछ। कार्यक्रम खर्चको उपलब्धि सहितको प्रकाशित प्रतिवेदन यस मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु हुनेछ। प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को पूर्ण पालना गर्नु हुनेछ।

५६. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ।

५७. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकालाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु पर्नेछ। नयाँ स्थापना हुने कार्यालय तथा साबिकको कार्यालयमा दरबन्दी थप भएको अवस्थामा बाहेक कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अबलम्वन गर्नु हुनेछ।

५९. सरकारी कार्यालयहरूलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको अन्य स्थानमा घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

६०. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेसन प्रयोजनका लागि निर्धारण गरिएको सरकारी मूल्याङ्कन समेतलाई आधार लिनु पर्नेछ।

६१. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गराउने व्यवस्था गर्नु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरूत्साहित गर्नु हुनेछ।

६२. सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन। बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसार अग्रिम आयकर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६३. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य रूपमा पूर्व सहमति लिएर मात्र प्रक्रिया अगाडि बढाउनु पर्नेछ। यसरी सहमति नलिई गरिएका कार्यबाट सिर्जित हुने आर्थिक दायित्वको व्यवस्थापन यस मन्त्रालयबाट हुने छैन।

६४. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ।

६५. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमार्फत सञ्चालन हुने कार्यक्रमहरूको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन त्रैमासिक रूपमा यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु हुनेछ।

६६. मन्त्रालय/सचिवालय/आयोगले आफ्नो र मातहतका कार्यालयहरूको आय र व्ययको त्रैमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ। दोस्रो त्रैमासिक आय र व्ययको विवरण पेश गर्दा तेस्रो त्रैमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु हुनेछ।

पत्र सङ्ख्या :- ०२/०८२/८३
मिति : २०८२/०४/०८
चलानी नम्बर :-

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

६७. विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालन गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

६८. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी समयमै यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नु हुनेछ।

६९. चालु तथा पुँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा प्रभावकारी र मितव्ययितापूर्वक गर्नु गराउनु हुनेछ। कार्यालय सञ्चालन खर्चमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नु हुनेछ।

७०. प्रदेश मन्त्रालय, निकाय र सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७१. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, दाता, स्रोत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित परिमाण वा उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७२. सरकारी खर्चको दायित्व एकिन गर्नको लागि प्रचलित कानून अनुरूप लेखा अभिलेख राख्ने व्यवस्था गर्नुका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु हुनेछ।

७३. आर्थिक वर्ष २०८१/८२ को अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत तहाँ मन्त्रालय/निकायलाई प्राप्त सङ्घीय सशर्त, समपूरक अनुदान र विशेष अनुदानबाट खर्च भएको खर्चको स्रोतगत विवरण **२०८२ श्रावण १० गते भित्र** यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु हुनेछ।

७४. आर्थिक वर्ष २०८३/८४ को बजेटमा समावेश गर्नुपर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजनाहरूको पहिचान, छनौट, मूल्याङ्कन तथा लाभ लागत विश्लेषण समेतका आधारमा आयोजना ढाँचा तयार गरी २०८२ फागुन मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

मिति : २०८२/०४/०८

पत्र सङ्ख्या :- ०२/०८२/८३

चलानी नम्बर :-

*आ.व. २०८२/८३ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको **Website** : **moeap.bagamati.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिने छ।*

(कृष्ण प्रसाद मैनाली)
प्रदेश सचिव

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।

संलग्नः

क) आ.व. २०८२/८३ को बजेट वक्तव्य - १ थान

ख) आ.व. २०८२/८३ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ थान

ग) आ.व. २०८२/८३ को अन्तरसरकारी वित्त हस्तान्तरण (स्थानीय तह) - १ थान

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७४२० इमेल: moeap3@gmail.com वेबसाईट : moeap.bagamati.gov.np